**TITLE (*शिर्षक*) : ITS_R002 – ब्यबसायिक स्थायी लेखा नंवर (स्था. ले. नं.) दर्ताको प्रक्रिया (REGISTRATION FOR PAN FOR BUSINESS)**

**Purpose (प्रयोजन ):** आयकर स्था. ले. न. को लागि करदाता दर्ता प्रक्रियाको बिधि र जिम्मेवारी परिभाषित गर्नु |

**Responsibilities (जिम्मेवारी):**

व्यावसायिक स्था. ले. न. दर्ताको लागि आन्तरिक राजस्व विभागले तोकेको नियमानुसार चाहिने सम्पूर्ण विवरणहरु उपलब्ध गराउने दायित्व स्वयम् करदाताको हुनेछ । करदाताहरुले विद्युतीय माध्यमबाट वा आन्तरिक राजस्व विभागले जारी गरेको फारम भरी आफ्नो विवरणहरु आन्तरिक राजस्व विभागको कार्यालयमा दाखिला गर्न सक्नुहुनेछ ।

करदाताहरुले भरेको विवरण सहि छ वा छैन र पर्याप्त छ वा छैन भनेर सुनिस्चित गर्ने र करदाताको माग अनुरुप करदाताको दर्ता प्रक्रिया थाल्ने दायित्व **कर अधिकृतको** हुनेछ |

**परिभाषा (Definitions):**

**दर्ता फारम (Registration Form):** दर्ता प्रक्रियाको लागि आन्तरिक राजस्व विभागले जारी गरेको फारम |

**दर्ता (Registration):** दर्ता प्रक्रियाको लागि चाहिने सम्पूर्ण प्रकिया पूरा गरी कर अधिकृतले स्वीकृति प्रदान गरेको खण्डमा ब्यवसायिक स्था. ले. नं. (Business PAN) मा करदाता दर्ता भएको मानिनेछ |

